## बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर

प्रदेश नं. १ नेपाल

## शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७६/१०/०९)**

बेलका नगरपालिकाले चालु आ.व.२०७६/०७७ मा निर्माण गरिने देहायका ठेक्काहरु शिलबन्दी बोलपत्रको माध्यमबाट सञ्चालन गराउनुपर्ने भएकाले इजाजत प्राप्त योग्य नेपाली निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुको अधिनमा रितपूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० दिन कार्यालय समय भित्र निर्माण व्यवसायी वा आधिकारिक प्रतिनिधीले व्यवसाय दर्ता प्रमाण-पत्र, इजाजत प्राप्त प्रमाण-पत्र, स्थायी लेखा नम्मर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र र आ.व.२०७५/०७६ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी संलग्न राखि निवेदन साथ प्रत्येक ठेक्काको बोलपत्र फाराम वापत रु.३,०००।- का दरले दस्तुर फिर्ता नहुने गरि वे.न.पा. कार्यालय वा वडा नं. ९ को वडा कार्यालयमा बुझाई बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र सम्बन्धी कागजातहरु अध्ययन गरि सबै विवरणहरु अनिवार्य रुपमा प्रष्टसंग भरि सम्बन्धित निर्माण व्यवसायी वा आधिकारिक प्रतिनिधीले कागजातको प्रत्येक पानामा दस्तखत र फर्मको छाप लगाई शिलबन्दी गरी खाम बाहिर स्पष्टसँग फर्मको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको नाम समेत लेखी ३१ औं दिन ***(मिति २०७६ फाल्गुन १० गते)*** को १२ : ०० बजे सम्म कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु दर्ता गर्नुपर्ने अन्तिम दिनको १ : ०० बजे कार्यालयका प्रतिनिधी र बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधीहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र फाराम खरिद वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा लगतै कार्यालय खुलेको दिन तत्तत् कार्यहरु गर्न सकिनेछ ।

४. बोलपत्र साथ पेश गर्नुपर्ने जमानत कुमारी बैंक रामपुर शाखा स्थित बेलका नगरपालिकाको नाममा रहेको धरौटी खाता नं. ०७७००४०२७४२००००४ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबर नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट बेलका नगरपालिकाको नाममा जारी भएको ठेक्का नं. र निर्माण कार्यको नाम उल्लेख भएको, बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ९० (नब्बे दिन) म्याद भएको जमानी पत्र (Bid Bond) पेश गर्नुपर्नेछ । ठेक्का सम्झौता भएपछि मात्र जमानी पत्र वापतको रकम फिर्ता गरिनेछ ।

५. कार्यालयबाट प्रमाणित बोलपत्र पुस्तिकामा केरमेट नभएको, कुनै थप घट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ । साथै रित नपुगी पेश भएको र उल्लेखीत लागत अनुमान भन्दा बढी भएको बोलपत्र मान्य हुनेछैन ।

६. गलत विवरण पेश गरी वा मिलेमतो गरी बोलपत्रमा भाग लिएको पाईएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्द गरी कालो सूचिमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

७. शिलबन्दी बोलपत्र भर्दा मु.अ.कर बाहेकको दररेट विश्लेषण गरि अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

८. विनियोजित बजेट र बोलपत्रदाताको स्वीकृत दररेटलाई आधार मानी विनियोजित बजेटको परिधि भित्र रहि सम्पूर्ण वा आंशिक काम चालु आ.व. वा आगामी आ.व.मा एकै पटक वा पटक-पटक गरी कार्यालयले गराउन सक्नेछ ।

९. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएका अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र बेलका नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

१०. शिलबन्दि बोलपत्रको अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनैपनि बेला सच्याउन बाधा पर्नेछैन । कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र पुरै वा आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सम्बन्धी सम्पूर्ण अधिकार बेलका नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

११. विष्तृत विवरण यस कार्यालयको वेवसाईट वा सूचना पाटीमा हेर्न सकिनेछ । साथै अन्य विष्तृत जानकारी लिनुपरेमा कार्यालयको सम्पर्क नं. ०३५४३०११३ र ४३०११२ मा सम्पर्क गर्न सकिनेछ ।

**शिलबन्दी बोलपत्र सम्बन्धी विवरण**

| सि. नं | ठेक्का नं. | कामको विवरण | ला.अ. (मु.अ.क.बाहेक) | धरौटी रकम रु. | खरिद गर्न सकिने अवधि |
|---|---|---|---|---|---|
| १ | 19/BELAKA/UDA/2076-77 | चक्लाबन्दीमा आधारित नमूना फार्म विस्तारका लागि तारजाली घेराबेरा कार्यक्रम | रु.४०,७८,४४१।५८ | रु.१,१२,१५७।- | ०७६/११/०९ |
| २ | 20/BELAKA/UDA/2076-77 | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण, वे.न.पा. ५ | रु.३३,२२,१५३।८४ | रु.९१,३५९।- | |

२०७६/१०/०९

नि. प्रमुख प्रशासकीय अधिकृत